# तलकोट गाउँपालिका

## स्थानीय राजपत्र

तलकोट गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड १ सख्या ७ मितिः२०८१/०९/२८**

# भाग -१

**ऐन संख्याः ७**

**तलकोट गाउँपालिकाको**

राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७८

**गाउँसभाबाट अनुमोदन मितिः २०८१/०३/१६**
**प्रमाणीकरण मितिः २०८१/०३/२६**

**प्रस्तावनाः** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तलकोट गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलोपटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न स्थानीय राजपत्रको नमुना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउँसभाबाट यो ऐन पारित गरी लागु गरिएको छ।

**भाग-१**

**प्रारम्भिक**

**१. नाम र प्रारम्भः**

**१)** यस ऐनको नाम तलकोट गाउँपालिका कार्यपालिका राजपत्र प्रकानशन सम्बन्धी ऐन, २०७८ रहेको छ।

२) स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

**भाग-२**

**स्थानीय राजपत्रको भाग र ढाँचा**

**२. स्थानीय राजपत्रको भागहरुः** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची (१) बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ।

**४. स्थानीय राजपत्रको ढाँचाः** स्थानीय राजपत्रको ढाँचा अननुसूची (२) मा उल्लेख भए बमोजिम हुनेछ।

**५. खण्डको व्यवस्थाः** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष लाई १ कायम गरी त्यसपछिका वर्षलाई क्रमशः पूर्णाङ्कले जनाई खण्ड कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै सङ्ख्या उल्ले गरी प्रकाशन गरिनेछ।

**६. स्थानीय राजपत्रको सङ्ख्याः** (१) स्थानीय राजपत्रको सङ्ख्या कायम गर्दा क्रमशः सङ्ख्या कायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्ख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः सङ्ख्या राखी अर्को वर्ष सुरु भएपछि नयाँ सङ्ख्या शृङखलाबाट सुरु गरिनेछ।

**७. स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामाग्रीः** स्थानीय राजपत्र प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भाग उल्लेख गरी प्रकाशन सामाग्रीको सम्पूर्ण व्यहोरा जस्ताको त्यस्तै राखी प्रकाशन गरिनेछ।

**८. स्थानीय राजपत्र प्रकाशनः** स्थानीय राजपत्र तलकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले" भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ।

## भाग-३

## स्थानीय राजपत्रको प्रकाशन अभिलेख तथा वितरण

**९. स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाईबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ।

**१०. प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने** (१) प्रकाशन हुने सामाग्री गाउँकार्यपालिकाको कानुन सम्बन्धी विषय हेर्ने शाखा वा एकाईबाट सम्पादन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा वा एकाईमा पठाइनेछ।

**११. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका सामाग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनको लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामाग्रीको सिलसिलेवार सङ्ख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गर्नेछ।

**१२. निःशुल्क रुपमा उपलब्ध गराउनुपर्नेः** गाउँपालिकाले स्थानीय राजपवत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराउनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको सङ्घीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,

(ङ) गाउँपालिकाको प्रत्येक वडा कार्यालय,

**१३. वेभसाईटबाट सार्वजनिक गर्नुपर्नेः** गाउँपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ।

**१४. बिक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः** (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिकाको वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाईमार्फत बिक्री वितरणको व्यवस्था मिलाइनेछ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ।

**(क) वार्षिक सदस्य बनाई बिक्री गर्दाः** वडा कार्यालय वा गाउँपालिकाबाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा वार्षिक रु. ५९०/- (पाँच सय नब्बे मात्र)

**(ख) खुद्रा बिक्री गर्दाः** स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा सङ्घ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहा बमोजिम पुटकर बिक्री मूल्य तोकिएको छः-

- १ देखि ८ पेजसम्म एक प्रतिको रु. ५ मात्र।
- ९ देखि २४ पेजसम्म एक प्रतिको रु. १० मात्र।
- २५ देखि ४० पेजसम्म एक प्रतिको रु. १५ मात्र।
- ४१ देखि ५६ पेजसम्म एक प्रतिको रु. २० मात्र।
- ५७ देखि ७२ पेजसम्म एक प्रतिको रु. २५ मात्र।
- ७३ देखि ९६ पेजसम्म एक प्रतिको रु. ५० मात्र।
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाको दरले थप शुल्क लिइनेछ।

**द्रष्टव्यः** माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ। स्थानीय सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ।

**१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने:** स्थानीय राजपत्र बिक्री वापत प्राप्त राजस्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**१६. ऐनको व्याख्या:** यस ऐनको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँसभाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१७. बचाऊ:** यो ऐन लागु हुनुभन्दा अगावै गाउँसभाले पारित गरी लागु गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै ऐन बमोजिम प्रकाशन भएको मानिनेछ ।

**अनुसूची-१**

(दफा ३ सँग सम्बन्धित)

**स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु**

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूची-२

( दफा ४ तथा अनुसूची -१ को भाग-१ सँग सम्बन्धित)

**तलकोट गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड.........** **सङ्ख्या.............** **मितिः २०......../....../...... गते।**

**भाग-१**

**तलकोट गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नामः

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-२

( दफा ४ तथा अनुसूची -१ को भाग-१ सँग सम्बन्धित)

**तलकोट गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड……… सङ्ख्या…………… मितिः २०……/……/…… गते।**

**भाग-२**

**तलकोट गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

| |
|---|
| आज्ञाले,<br>नामः<br>प्रमुख प्रशासकीय अधिकृत |

आज्ञाले

यादव भट्टराई

प्रमुख प्रशासकीय अधिकृत